नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावटसम्बन्धी मुद्दा उच्च अदालत पाटनमा मिति २०७९/०८/०७ गते दायर गरिएको ।

## १. अभियुक्तको विवरणः

- जिल्ला बारा, करैयामाई गाउँपालिका, वडा नम्बर ८, बेलाही स्थायी वतन भएका सरोज मिया मंसुर

## २. कसूरको संक्षिप्त विवरणः

- मिति २०७९/०७/०१ गते जिल्ला कास्की, पोखरा महानगरपालिका, वडा नम्बर २७, तालचोक, पृथ्वी राजमार्गमा ईलाका प्रहरी कार्यालय, हंशपुर कास्कीको टोलीले सरोज मिया मंसुरको साथबाट बिल बिजक तथा भन्सार प्रज्ञापनपत्र लगायतका कागजात नभएको अवस्थामा ४१३ तोला ५२ लाल चाँदीका विभिन्न किसिमका गहना र नगद नेपाली रूपैयाँ ५७,०००/- (अक्षरूपी सन्ताउन्न हजार रूपैयाँ मात्र) बरामद गरी थप अनुसन्धानका लागि यस विभागमा पेश गरेको । अनुसन्धान तथा तहकीकातबाट निज प्रतिवादीले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संशोधन सहित) को दफा ३ ले निषेध गरेको कार्य गरी सोही ऐनको दफा ४ को उपदफा (क), (ख),(छ) र (झ) बमोजिम राजस्व चुहावटको कसुर गरेको पुष्टि भएको ।

## ३. कायम भएको बिगो र सजायको मागदावीः

- निज प्रतिवादीलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संशोधन सहित) को दफा २ (छ१)(ङ) बमोजिम रु ५,४४,८७५/- (अक्षरूपी पाँच लाख चौवालिस हजार आठ सय पचहत्तर रूपैयाँ मात्र) कायम गरी सोही ऐनको दफा २३(१) बमोजिम बरामदीत चाँदिका गहना जफत गरी बिगोको शतप्रतिशत जरिवाना तथा सोही ऐनको दफा २३ को उपदफा (१)(क) बमोजिम कैद सजायको मागदावी लिई अभियोगपत्र दायर गरिएको ।

सूचना अधिकारी
राजस्व अनुसन्धान विभाग